श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३७ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्**

शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "शिक्षा (तेस्रो संशोधन) ऐन, २०३७" रहेको छ।

(२) यस ऐनको दफा २ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. शिक्षा ऐन, २०२८ को दफा २ मा संशोधन: शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएका छन्:—

"(ख) "प्राथमिक विद्यालय" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म भएको प्राथमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ग) "निम्न माध्यमिक विद्यालय" भन्नाले कक्षा छ र सात भएको निम्न माध्यमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:–

"१०. जिल्ला कार्यालय शिक्षा शाखा: (१) प्रत्येक जिल्लामा एक जिल्ला कार्यालय शिक्षा शाखा रहनेछ ।

(२) उप-दफा (१) बमोजिमको शिक्षा शाखाको प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।"

४. मूल ऐनमा दफा ११ क. थप: मूल ऐनको दफा ११ पछि देहायको दफा ११ क. थपिएको छ:–

"११क. जिल्ला शिक्षा समिति विघटन गर्न सकिने: (१) कुनै जिल्लाका जिल्ला शिक्षा समितिले तोकिएबमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा श्री ५ को सरकारले त्यस्तो जिल्ला शिक्षा समितिलाई विघटन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम जिल्ला शिक्षा समिति विघटन भएपछि अर्को जिल्ला शिक्षा समिति गठन नभएसम्म जिल्ला शिक्षा समितिको काम गर्न श्री ५ को सरकारले एक अस्थायी समिति गठन गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा १२ मा संशोधन: मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ:–

"१२. विद्यालय संचालक समिति: (१) विद्यालयको संचालन, रेखदेख, नियन्त्रण र व्यवस्था गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय संचालक समिति रहनेछ ।

(२) विद्यालय संचालक समितिमा तोकिएका सदस्यहरू रहनेछन् ।

(३) विद्यालय संचालक समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।"

६. मूल ऐनमा दफा १२क. थप: मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छ:–

"१२क. विद्यालय संचालक समिति विघटन गर्न सकिने: (१) कुनै विद्यालयको विद्यालय संचालक समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा जिल्ला शिक्षा समितिले त्यस्तो विद्यालय संचालक समितिलाई विघटन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम विद्यालय संचालक समिति विघटन भए पछि अर्को विद्यालय संचालक समिति गठन नभएसम्म विद्यालय संचालक समितिको काम गर्न जिल्ला शिक्षा समितिले एक अस्थायी विद्यालय संचालक समिति गठन गर्न सक्नेछ ।

७. मूल ऐनको दफा १३ मा संशोधन: मूल ऐनको दफा १३ को,–

(१) उप-दफा (१) को खण्ड (ख) झिकिएको छ ।

(२) उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) उप-दफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।"

८. मूल ऐनमा दफा १३क. थप: मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः–

"१३क. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । जस्मा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्कबाट आउने रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उप-दफा (१) बमोजिमको कोषको संचालन र लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः– २०३७।५।२६।५

आज्ञाले–

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।